# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०/०८१
च.नं.: १९५८

मिति :२०८०/०७/१३

**श्री इन्टरनेट सेवा प्रदायक तथा केवल टि.भी. सेवा प्रदायक फर्महरू (सम्पूर्ण),**
**धनगढी, कैलाली।**

**विषय: इन्टरनेट तथा केवल तारहरुको उचित व्यवस्थापन गर्ने सम्बन्धमा।**

यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र इन्टरनेट तथा केबल नेटवर्क सेवा प्रवाह गर्ने फर्महरुले आफ्नो सेवा विस्तारका लागि जथाभावी रुपमा केबल तारहरु तान्दा शहरको शौन्दर्यता घट्नुका साथै आगलागी जस्ता घटनाहरु घट्न सक्ने सम्भावना बढ्दै गएकोले मिति २०८०/०५/०४ गते इन्टरनेट सेवा प्रदायक तथा केबल टि.भी. सेवा प्रदायक फर्महरु संग भएको छलफलमा शहरको शौन्दर्यकरणमा प्रतिकुल असर नपर्ने गरि केबल तारहरुको उचित व्यवस्थापन गर्ने भनि निर्णय भएकोमा हाल सम्म कुनै पनि फर्मले आफ्ना तारहरुको उचित व्यवस्थापन नगरेकाले आफ्नो सेवा विस्तारका लागि अव्यवस्थित रुपले तानेका र आवश्यकता भन्दा बढी मात्रामा पोलमै तार छोडेर राखेका फर्महरुले यो सूचना जारि भएको १५ दिन भित्र आ-आफ्नो फर्मको तारहरु व्यवस्थित गर्नुका साथै आवश्यकता भन्दा बढी पोलमा छोडिएका तारहरु निकाली लग्न हुन जानकारी गराईन्छ। तोकिएको समयावधि भित्र व्यवस्थित नगरेमा उप-महानगरपालिकाले तार काट्ने र सो बाट उत्पन्न हुने असुविधाका लागि सम्बन्धित फर्म नै जिम्मेवार हुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

नरेन्द्र बहादुर खाती
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय

www.dhangadhimun.gov.np | ०९१-५९०६९०, ०९१-५२१४२९ | dhangadhimun2013@gmail.com